॥ सत्यं वदाम:, तथ्यं प्रकाशयाम: ॥ ॥ जनहिताय सञ्चार:, समाजहिताय प्रयास: ॥

# कृपा राष्ट्रिय दैनिक

ekripa.com ईकृपा डटकम www.ekripa.com

बर्ष २३, अंक-१९८ बारा, २०८३ भदौ २३ गते मंगलबार / द्वादशी / नेपाल संवत् ११४६ / Tuesday, September 8 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच

## निजगढका सुजित यू-१५ राष्ट्रिय टोलीमा छनौट

निजगढ,२२ भदौ/बाराको निजगढ फुटवल क्लबका उदयीमान युवा खेलाडी सुजित लोप्चन अण्डर(१५ राष्ट्रिय फुटवल टोलीको अन्तिम छनोटमा पर्न सफल भएका छन् ।

निजगढ १० लालका लोप्चनले ललितपुरको सातदोबाटोस्थित अखिल नेपाल फुटवल संघ (एन्फा) मुख्यालयमा भएको देशव्यापी बन्द प्रशिक्षण र विशेष छनोट प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै अन्तिम २० खेलाडीको सूचीमा आफ्नो स्थान सुरक्षित गरेका हुन् ।

एन्फाले सार्वजनिक गरेको आधिकारिक प्रतिवेदन अनुसार सुजित लोप्चनलाई टोलीको रक्षापंक्ति सम्हाल्ने मुख्य जिम्मेवारी अर्थात् सेन्टर ब्याक भूमिकाका लागि छनोट गरेको हो ।

निजगढ फुटवल क्लबबाट खेल्दै आफ्नो उत्कृष्ट डिफेन्सिभ कौशल, बलियो शारीरिक क्षमता र खेल रणनीति प्रदर्शन गरेकै कारण उनले देशभरिका सयौं प्रतिभावान खेलाडीहरूलाई पछि पार्दै छनोट सूचीको दोस्रो नम्बरमा नाम निकाल्न सफल भएका हुन् ।



लोप्चनले आगामी मा हुने अण्डर(१५ राष्ट्रिय फुटवल टोलीबाट खेल्ने छन् ।

यो सफलतासँगै सुजितले अन्तर्राष्ट्रिय फुटवल मञ्चमा नेपाल र आफ्नो गृह नगर निजगढको नाम उच्च राख्ने सुनौलो अवसर प्राप्त गरेका छन् । उनको यस ऐतिहासिक उपलब्धिले निजगढ फुटवल क्लव, स्थानीय खेलप्रेमी र सम्पूर्ण बारा जिल्लाबासीमा ठुलो उत्साह र खुसीयाली छाएको छ ।

## सिर्सिया नदी प्रदूषित पार्ने उद्योगलाई 'एक हप्ते' अल्टिमेटम, फोहोर फाल्न नरोके कारबाही गर्ने चेतावनी

वीरगञ्ज, २२ भदौ/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरी कुमारीले पर्सा(बारा औद्योगिक कोरिडोरका उद्योगहरूले सिर्सिया खोलामा गरिरहेको प्रदूषणप्रति कडा आपत्ति जनाउँदै सुधारका लागि एक साताको समयसीमा दिनुभएको छ ।

सोमबार मन्त्रालयमा उद्योगीहरूसँग भएको छलफलमा उहाँले वातावरण संरक्षणसम्बन्धी कानुनी मापदण्ड उल्लङ्घन गर्ने उद्योगलाई कारबाही गर्ने चेतावनी दिनुभएको हो ।

मन्त्रालयका अनुसार सिमरा र वीरगञ्ज क्षेत्रका दर्जनौं उद्योगहरूले प्रशोधन नगरी ढल तथा औद्योगिक फोहोर सोझै खोलामा मिसाउँदा सिर्सिया खोला गम्भीर रूपमा प्रदूषित बनेको छ । प्रदूषणको असर बाराको सिमरा, महुली तथा पर्साको सिरसिया, रानीघाट, श्रीपुर, ताजपुर, रामगढवा, रामवन, अशोक वाटिका र विन्ध्यवासिनीसहित सीमावर्ती भारतीय सहरलगायत दर्जनौं बस्तीका लाखौं बासिन्दामा परेको



मन्त्रालयको भनाइ छ ।

उहाँले उद्योगहरूले वातावरण संरक्षण ऐनको दायरा उल्लङ्घन गरी दूषित पानी खोलामा पठाउँदा स्थानीय जनजीवन, पशुपालन र समग्र मानव स्वास्थ्यमा गम्भीर सङ्कट उत्पन्न भएको ठहर गर्दै यो विषयलाई "औपचारिक बैठक" मात्रै नठान्न उद्योगीहरूलाई निर्देशन दिनुभयो ।

मन्त्री गौरीकुमारीले भन्नुभयो, "राज्यका सम्बन्धित निकायहरूले पटक(पटक सजग गराउँदा पनि हालसम्म कुनै सुधार देखिएको छैन । यस क्षेत्रका जनताको निरन्तर गुनासो आएकाले मन्त्रालय अत्यन्त गम्भीर छ । तपाईंहरूलाई एक हप्ताको समय छ, के(के सुधार गर्नुपर्ने हो, आजैदेखि थाल्नुहोस् ।"

उहाँका अनुसार आगामी साता मन्त्रालयको विशेष टोली स्थलगत निरीक्षणका लागि पर्सा(बारा जानेछ र त्यसपछि नियमअनुसारको प्रक्रिया अघि बढाइनेछ ।

विगत लामो समयदेखि किसान र सर्वसाधारणले सिर्सिया खोलालाई पुनर्जीवन दिन माग गर्दै आएका छन् । उद्योगबाट निस्कने रसायनयुक्त फोहोर पानी र ठोस फोहोर व्यवस्थापन नहुँदा यस क्षेत्रको 'लाइफलाइन' मानिने खोला अस्तित्व सङ्कटमा परेको स्थानीयको गुनासो छ । मन्त्रीको पछिल्लो निर्देशनपछि स्थानीय बासिन्दाले प्रदूषण नियन्त्रण हुने आशा व्यक्त गरेका छन् ।

यसअघि साउन ५ गते मन्त्रालयको निर्देशनपछि सिर्सिया नदी प्रदूषित तुल्याएको पुष्टि भएका १० उद्योगलाई प्रति उद्योग १० लाख रुपैयाँका दरले जरिवाना तिराइएको मन्त्रालयको सचिवालयले जनाएको थियो ।

कारबाहीमा परेका उद्योगमध्ये जगदम्बा स्टिल इन्डस्ट्रिज, हुलास स्टिल इन्डस्ट्रिज, शिवशक्ति घिउ उद्योग, सुशील बनस्पती प्रालि, अन्नपूर्ण भेजिटेवल प्रोडक्ट्स, अशोक स्टिल इन्डस्ट्रिज लगायत रहेको उल्लेख छ ।

मन्त्रालयका अनुसार वातावरण विभागको प्राविधिकसहितको अनुगमन टोलीले पर्सा(बाराका २१ उद्योगको निरीक्षण गरी फोहोर पानीको नमुना सङ्कलन गरेको थियो । प्रयोगशाला परीक्षणबाट १० उद्योगले सरकारी वातावरणीय मापदण्ड उल्लङ्घन गरेको पुष्टि भएपछि जरिवानाको निर्णय गरिएको हो ।

उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेतका अनुसार कारबाहीमा परेका उद्योगमध्ये मधेस प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने ६ उद्योगलाई वातावरण संरक्षण ऐन, २०७६ बमोजिम हदैसम्मको कारबाही गर्न सम्बन्धित निकायमा पत्राचार गरिएको छ ।

मन्त्रालयले सिर्सिया नदी आसपासका अन्य उद्योगहरूको निरीक्षण अझै बाँकी रहेकाले वातावरण विभाग, उद्योग विभाग, प्रदेश मातहतका निकाय र स्थानीय तहको संयुक्त प्राविधिक टोलीमार्फत थप निरीक्षण गरी आवश्यक कारबाही अघि बढाइने जनाएको छ ।

## बाढीपीडितलाई गौरीशंकर माविका विद्यार्थीद्वारा २९ हजार ६४५ रुपैया सहयोग

निजगढ, २२ भदौ/भोटेकोशीको बाढी पीडित परिवारमा राहतको लागि निजगढबाट सहयोग गर्ने क्रम जारी रहेको छ ।

पछिल्लो पटक आज निजगढ नगरपालिका वडा नम्बर ८ स्थित गौरीशंकर माध्यमिक विद्यालयका छात्रछात्राहरुले बाढी पीडित क्षेत्रमा राहत, पूर्ननिर्माण तथा पूर्नस्थापनाको लागि प्रधानमन्त्री राहतकोषमा २९ हजार ६४५ रुपैया जम्मा गरेका हुन ।

विद्यार्थीहरुले स्वच्छिक रुपमा संकलन गरेको सो रकम राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको प्रधानमन्त्री राहतकोषमा आज जम्मा गरेको विद्यालयका प्रधानाध्यापक बद्रीनारायण झाले जानकारी दिनुभयो ।

त्यसैगरी आजै छिमेक लघुवित्त बित्तीय संस्थाको निजगढ शाखा अन्तर्गत निजगढ इकाइ नम्बर १७२३८ वडा नम्बर ५ मा आवद्ध महिला सदस्यहरुले पनि भोटेकोसी बाढी पीडितहरुलाई १० हजार १ सय रुपैया सहयोग गरेका छन ।

महिलाहरुले युथ अफ निजगढमार्फत संस्थाको समूहमा बचत गरेको रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरेका हुन । महिला समूहले बाढीबाट पुगेको मानवीय र भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकहरुमा श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा समवेदन समेत व्यक्त गरेको छन ।

यसअघि निजगढका विभिन्न विद्यालय, विद्यार्थी, समाजसेवी र व्यवसायीहरुले पनि बाढी पीडित



परिवारको राहतको लागि १० लाखभन्दा बढी रकम सहयोग गरिसकेका छन ।

त्यस्तै विनाशकारी बाढीमा परी ज्यान गुमाएका नागरिकहरूको सम्मानमा देशभर राष्ट्रिय शोक मनाउने सरकारी निर्णयअनुसार निजगढ( ९ स्थित होली एन्जल्स बोडिङ स्कुलमा आज शोकसभा आयोजना गरी राष्ट्रिय झण्डा आधा झुकाइएको छ ।

शोकसभा कार्यक्रममा विद्यालयका संचालक, शिक्षक, अभिभावक, विद्यार्थी र सुरक्षाकर्मीलगायतको सहभागिता रहेको थियो ।

## छातापिपरामा पिकअप गाडी पल्टिँदा चालकको मृत्यु, सहचालक घाइते

सिमरा२२ भदौ/ पथलैया( वीरगन्ज सडकखण्ड अन्तर्गत बाराको जीतपुरसिमरा उपमहानगरपालिका( ७ छातापिपरामा सोमबार बिहान भएको सवारी दुर्घटनामा परी एक जनाको ज्यान गएको छ ।

पथलैयाबाट वीरगञ्जतर्फ जाँदै गरेको ना५च २२७७ नम्बरको कुखुरा बोक्ने पिकअप गाडी अनियन्त्रित भई दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको हो । मृत्यु हुनेमा वीरगञ्ज महानगरपालिका( ३० प्रोसतिपुर निवासी २२ वर्षीय जैमुदिन अंसारी रहेका छन् ।

प्रहरीका अनुसार तीव्र गतिमा रहेको उक्त पिकअप गाडी सडकको बीचमा रहेको डिभाइडरमा ठोकिएर अर्को लेनमा पुगी पल्टिएको थियो ।

दुर्घटनामा गाडीका सहचालक विश्रामपुर गाउँपालिका( ९ का २० वर्षीय स्वयमभुला अंसारी घाइते भएका छन् । घाइते अंसारीको अहिले वीरगञ्जस्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको छ ।

## नेशनल मेडिकल कलेज र नेपाल मेडिकल कलेजको तर्फबाट बाढीपीडितलाई ७५ लाख रूपैयाँ सहयोग

वीरगञ्ज, २२ भदौ/रसुवा जिल्लामा हालै आएको बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुन:स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले नेशनल मेडिकल कलेज प्रा.लि., वीरगञ्ज र नेपाल मेडिकल कलेज प्रा.लि., गोकर्णेश्वर, काठमाडौंले संयुक्त रूपमा ७५ लाख सहयोग प्रदान गरेका छन् ।

नेपाल मेडिकल कलेज परिवार र नेशनल मेडिकल कलेज परिवारको संयुक्त योगदान स्वरूप प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष (बाढी राहत) मा ७५ लाख रुपैयाँ जम्मा गरिएको हो ।

रसुवामा बाढी तथा अन्य प्राकृतिक विपद्का कारण प्रभावित परिवार तथा समुदायलाई राहत, उद्धार र आवश्यक मानवीय सहायता उपलब्ध गराउन सघाउने उद्देश्यले उक्त आर्थिक सहयोग प्रदान गरिएको संस्थाहरूले जनाएका छन् ।

स्वास्थ्य सेवामा निरन्तर समर्पित दुवै संस्थाले विपद्को कठिन घडीमा आफ्नो सामाजिक उत्तरदायित्वलाई उच्च



प्राथमिकतामा राख्दै रसुवाका प्रभावित नागरिकहरूको साथमा उभिने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूको संयुक्त योगदानले राहत वितरण, उद्धार कार्य तथा पुन:स्थापनाका प्रयासलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

मानवीय सेवाको भावनाबाट प्रेरित यस सहयोगले विपद्को समयमा स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी तथा समुदायबीचको एकता, सहकार्य र सामाजिक उत्तरदायित्वको भावना अझ सुदृढ बनाउने विश्वास गरिएको छ ।

नेशनल मेडिकल कलेज, वीरगञ्ज र नेपाल मेडिकल कलेज, काठमाडौंले आगामी दिनहरूमा पनि रसुवासहित देशका विभिन्न क्षेत्रमा विपद्को असरबाट प्रभावित नागरिकहरूको आवश्यकता र परिस्थितिअनुसार मानवीय तथा सामाजिक सेवामूलक कार्यमा आफ्नो सहयोग र योगदानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय.......

# कानुन कार्यान्वयनको अग्निपरीक्षा

नेपालको कानुनले नेपाली नागरिकलाई क्यासिनो प्रवेश र जुवा खेल्न पूर्ण रूपमा निषेध गरेको छ । तर, पर्साको वीरगञ्जस्थित एक क्यासिनोबाट जिल्लाको सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष र इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख (प्रहरी निरीक्षक) सहित आठ जना नेपाली नागरिक पक्राउ पर्नुले राज्य संयन्त्रको नैतिक स्खलनलाई उदाङ्गो पारेको छ ।

जनताको मत जितेर कानुनको पालना गराउने ठाउँमा पुगेका जनप्रतिनिधि र समाजमा शान्ति( सुरक्षा कायम गर्ने जिम्मेवारी पाएका प्रहरी प्रमुख नै जुवाको खालमा रङ्गेहात भेटिनु अत्यन्तै लज्जास्पद र विधिको शासनको उपहास हो ।

यो घटना केवल व्यक्तिको कमजोरी मात्र होइन, यसले हाम्रो प्रशासनिक र राजनीतिक वृत्तमा व्याप्त गैरजिम्मेवारपन र कानुनलाई हातमा लिने प्रवृत्तिलाई देखाउँछ। विदेशी पर्यटकका लागि खोलिएका क्यासिनोहरूमा नेपालीहरूको अवैध प्रवेश नयाँ विषय होइन तर, जब कानुन कार्यान्वयन गर्ने 'रक्षक' नै 'भक्षक' बन्छन्, तब सुरक्षा संयन्त्र र राज्यका संस्थाहरूप्रति आम नागरिकको भरोसा टुट्छ।पहुँच र पदको आधारमा कसैलाई पनि कानुनभन्दा माथि राख्न मिल्दैन ।

'सानालाई ऐन, ठूलालाई चैन' भन्ने आम बुझाइलाई चिर्नका लागि पनि यस घटनामा संलग्न जनप्रतिनिधि र प्रहरी अधिकारीमाथि बिना कुनै राजनीतिक वा प्रशासनिक दबाब, कानुन बमोजिम कडाभन्दा कडा कारबाही गरिनुपर्छ ।

प्रहरीले आफ्ना कर्मचारीलाई निलम्बन गर्नु सकारात्मक सुरुवात भए पनि यो प्रक्रिया निष्कर्षमा पुग्नुपर्छ । यस्ता प्रवृत्तिलाई बेलैमा निरुत्साहित नगर्ने हो भने समाजमा अराजकता झनै मौलाउने निश्चित छ ।

अहिले पक्राउ परेकाहरूमाथि अनुसन्धान भइरहेको बताइएको छ। तर, विगतका कतिपय घटनाहरूमा राजनीतिक दबाब वा प्रशासनिक पहुँचका आधारमा यस्ता ठूला व्यक्तिहरूलाई उन्मुक्ति दिने वा घटनालाई सामसुम पार्ने प्रयास भएका उदाहरणहरू छन्। यसपटक त्यस्तो हुनु हुँदैन । पहुँच र पदको आधारमा कसैलाई पनि कानुनभन्दा माथि राख्न मिल्दैन ।

'सानालाई ऐन, ठूलालाई चैन' भन्ने आम बुझाइलाई चिर्नका लागि पनि यस घटनामा संलग्न जनप्रतिनिधि, प्रहरी प्रमुख र अन्य व्यक्तिहरूमाथि बिना कुनै दबाब र पक्षपात, कानुन बमोजिम कडाभन्दा कडा कारबाही गरिनुपर्छ ।

# अर्थतन्त्रका मूलाधारमै प्रहार




भदौ १० (२०८३) बिहान रसुवामा आएको हिमबाढीलाई कतिपय अन्तर्राष्ट्रिय मिडियाले हिमसुनामीका रूपमा चित्रण गरेका छन् । यो अकल्पनीय महाविपत्ति थियो । ठुलो जनधन क्षति भयो । उद्धार र राहतसँगै क्षतिको लेखाजोखा हुँदै छ । लेखाजोखा सजिलो पनि छैन र समय लाग्छ । यो महाविपत्तिको जलवायु परिवर्तन असरको गहन वैज्ञानिक आधार बलियो देखिँदै छ । कथा विगत दुई सय वर्षयताको हो । विशेष गरी औद्योगिक क्रान्तिपछि जैविक इन्धनको अति दोहनबाट आधुनिक विकासको प्रतिस्पर्धाले कार्बन उत्सर्जन बढायो । पृथ्वी तातो हुँदै गई हिमाल पग्लिए । कार्बन उत्सर्जन अतिभन्दा अति न्यून योगदानमा (०.१ प्रतिशतभन्दा कम) सीमित भएको नेपाल, नेपाल जस्तै देशले यो महाविपत्ति भोग्नु परिरहेको छ । बिज्याइँ अरूको छ । नखाएको विष नेपाल जस्ता देशलाई लागिरहेको छ । यस्ता विनाशको सङ्केत यसअघि नै भोग्न थालेको हो । दुई वर्षअघिको सोलुखुम्बुको थामे हिमपहिरो भोगेकै हो । मेलम्चीको विनाश स्पष्ट थियो । यस्ता अनेक जलवायुजन्य घटनाक्रमले नेपालले जलवायु न्याय पाउनुपर्ने स्पष्ट आधार सिर्जना गरेको छ

विषय यतिमै सीमित छैन । नेपाली अर्थतन्त्रको मूल आधार कृषि, पर्यटन र जलविद्युत्का आधारलाई नै तहसनहस बनाएको छ । जोखिम अझ विस्तार हुँदै छ । तीव्रतर जोखिम बढाएको छ । अर्थतन्त्रको मूल आधारलाई अब कसरी जोगाउने भन्ने गम्भीर कार्यसूची विश्लेषण अपरिहार्य भएको छ । यो हिमबाढी अर्थात् हिमसुनामी नेपालको मात्र विषय रहेन । अन्तर्राष्ट्रिय मञ्चको गम्भीर र तातो विषय बनेको छ । हिमाली तथा पहाडी मुलुकका कृषि, पर्यटन र जलविद्युत जस्ता जनजीवन जोडिएका अर्थतन्त्रमा मूल आधार जोगाउन विश्व बहस अपरिहार्य भएको छ । समाधानमा तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना, नीति र कार्यक्रम बन्नुपर्ने भएको छ । रसुवा हिमबाढीपछि नेपाल आफैँले पनि कृषि, पर्यटन र जलस्रोत जस्ता अर्थाधार विषयमा गम्भीर गृहकार्य अपरिहार्य भएको छ ।

### नदीछेउका कृषि जोखिम

नेपालको अर्थतन्त्रको मुख्य पहिलो आधार नै कृषि हो । त्रिशूली कोरिडोर हिमाली तथा पहाडी कृषिको अति उर्वर भूमि रहेको थियो । त्रिशूलीको नदी वरिपरि लाखौँ मानिसको जीविकामा कृषि र पशुपालन प्रमुख आधार हो । यो कृषि सभ्यता थियो । मलिला र फाँटिला जमिनका त्रिशूली नदी किनारका खेतबारी धान, मकै, गहुँ, कोदो उत्पादनमा अब्बल थिए । घरेलु कषिसँगै पछिल्ला दशकमा व्यावसायिक तरकारी बालीतर्फ फस्टाउँदो थियो । पशुपालन अझ फस्टाएको थियो । त्रिशूलीको चामल देशविदेशमा प्रख्याति थियो । हिमसुनामीपछि त्रिशूली नदी किनारका फाँट घण्टाभरमै बन्जर बगर बने । नदी किनारका ऐतिहासिक सहर तथा बस्ती बगरमा रूपान्तरण भएसँगै युगौं पुरानो सभ्यताले न्याय खोजिरहेको छ ।

धेरै पहिलेदेखि नेपाललाई त्यसै कृषिप्रधान मुलुक भनिएको होइन । त्रिशूली कोरिडोर जस्ता हिमाली तथा पहाडी भेगका नदी कोरिडोरमा अनेक उर्वर भूमि थिए र छन् । अब जोखिममा छन् । क्षणभरमै त्रिशूली कोरिडोरका कृषि सभ्यतामा बज्रपात नजिरै भयो । नदी किनार वरपरका उर्वर भूमिमा अब भदौ १० अघिको उर्वरता फर्कन सक्ला ? भन्ने गम्भीर प्रश्नलाई नेपालभित्रको मात्र समीक्षाको विषय बनाउनु हुँदैन । जलवायु परिवर्तनका असरबाट नेपालको कृषि कति जोखिमपूर्ण छ भन्ने विषय अब विश्व मञ्चकै मूल कार्यसूची बन्नु पर्छ । त्रिशूली जस्तै हिमालबाट बगेर आउने अनेक नदी किनारका उर्वर फाँट जोखिममै छन् । हिन्दुकुश हिमाली क्षेत्रमा अनेक हिमताल पग्लिरहेका छन् । इम्जा हिमतालको जोखिम घटाउन धेरै प्रयास भए झैँ ती दर्जनौं हिमतालको जोखिम न्यूनीकरण नेपालको अर्थतन्त्र र क्षमताले धान्दैन । त्यसका निम्ति स्पष्ट अन्तर्राष्ट्रिय संस्थागत प्रयास आवश्यक भएको छ । त्यसले अरू जोखिम न्यूनीकरणसँगै नेपालीको कृषि सभ्यता बचाउन सक्ने आधार सिर्जना हुन सक्ने छ ।

### पर्यटनमा अनिश्चयको बादल

भोटेकोशी बाढीले नेपालको पर्यटनमाथि गम्भीर सङ्कट उत्पन्न भएको छ । त्रिशूली कोरिडोर, रसुवाका हिमाली प्राकृतिक सम्पदा पर्यटन प्रवर्धनको आधार बनेका थिए । विश्व प्रसिद्ध कैलास पर्वत जान केरुङ नाका पुग्ने त्रिशूली-धुन्चे मार्ग प्रवर्धित हुँदै थियो । बाह्य पर्यटकको ठुलो आकर्षण थियो । भोटेकोशी बाढीले नेपालसमेत विश्वका धेरै देशका पर्यटकको ज्यान लियो । अझै धेरै सम्पर्कविहीन छन्; बेपत्ता छन् । त्रिशूली कोरिडोरमा होटेल, रिसोर्ट र लजदेखि घरबाससमेतका अनेक पर्यटकीय पूर्वाधार विस्तार र उत्पादन बढोत्तरी हुँदै थियो । त्रिशूली नदीले जलयात्राका निम्ति संसारकै साहसी पर्यटकलाई आकर्षित गर्दै थियो । त्यसैले पनि नदी कोरिडोरमा होटेल, रिसोर्ट विस्तार भइरहेका थिए । अकल्पनीय हिमाली सुनामीले सखाप बनायो ।

नेपालको हिमाली तथा पहाडी भेग सम्पूर्ण सारमा प्राकृतिक रिसोर्ट नै हो । यसको उचित व्यवस्थान मात्र आवश्यक थियो । त्रिशूली कोरिडोरसँगै देशका अन्य नदीमा पनि जल पर्यटनको विकास र विस्तार बढिरहेको देख्न सकिन्छ । हिमाल तातो हुँदै जाँदा पग्लँदै गएको हिउँले नेपालको प्राकृतिक पर्यटकीय सम्पदामा अनिश्चियको बादल मडारिएको छ । त्रिशूली जस्तै सुनकोशीलगायतका नदी किनारमा जल पर्यटनको विकास र विस्तार हुँदै गएको थियो । त्रिशूली हिमबाढीले अब हाम्रो पर्यटन पूर्वाधार विस्तारसँगै समग्र उत्पादनलाई पुनर्विचार गर्नुपर्ने भएको छ । सुरक्षित गन्तव्यका योजना, नीति र कार्यक्रम अगाडि बढाउनु अपरिहार्य भएको छ ।

जीवन जुनसुकै अवस्थामा पनि पहिलो प्राथमिकता हो, हुनु पर्छ । हरेक योजनाको बृहत् स्वार्थ मानव हित नै हुनु पर्छ । मानव अहित हुने विकास त विनाशको प्रस्थानविन्दु मात्र हो । जलवायु परिवर्तन असर न्यूनीकरण प्रतिरोधी हरित विकास आयामको बहसलाई अब देशभित्र मात्र सीमित गर्नु हुँदैन । अन्तर्राष्ट्रिय प्रयासलाई तीव्रतर रूपमा अगाडि बढाउनु पर्छ। शून्य कार्बन उत्सर्जनको अन्तर्राष्ट्रिय प्रतिबद्धतामा पुनरवलोकन हुनु पर्छ । नेपालले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य लिएको छ तर तीव्रतर कार्बन उत्सर्जन गरिरहेको विश्व अर्थतन्त्रका ठुला मुलुकको प्रतिबद्धता धेरै पर छन् ।

पेरिस सम्झौताबाट अमेरिका पछाडि फर्कियो । यसले जलवायु परिवर्तन असर न्यूनीकरणको महायात्रामा अवरोध सिर्जना गरेको छ । विश्वमै सबैभन्दा बढी कार्बन उत्सर्जन गर्ने चीनले शून्य कार्बन उत्सर्जनलाई धेरै परको लक्ष्य ठानेको छ । चीन र अमेरिकापछि बढी कार्बन उत्सर्जन गर्ने भारतको पनि हरित ऊर्जाको लक्ष्य अझै टाढा छ । तीन वटै मुलुकको आधुनिक विकास अहिले पनि जैविक इन्धनमा बढीभन्दा बढी निर्भर छ । औद्योगिक क्रान्तिपछिको विकास मोडेललाई निरन्तरता दिइरहेका छन् । कम कार्बन उत्सर्जन गर्ने युरोपेली मुलुक र विशेष गरी स्केन्डेभिएन मोडेलको विकासतर्फ अब संसार अगाडि बढ्नु पर्छ । पर्याचक्र प्राकृतिक रूपमा कायम राख्ने दिगो र सुरक्षित पर्यटनतर्फ अग्रसर बन्न विश्व प्रयास आवश्यक छ । त्यससँगै नेपालले पनि सोही अनुरूपको नीति, योजना र कार्यक्रम बनाउनु पर्छ। पर्यटन पूर्वाधारमा हरित अर्थतन्त्र र पूर्वाधार आर्थिक विकासका मूल आधार बन्नु पर्छ

### सेतो सुनमाथि प्रहार

भोटेकोशी हिमबाढीले त्रिशूली कोरिडोरमा रहेका दर्जनौं जलविद्युत् आयोजना तत्क्षण तहसनहस बनायो । त्रिशूली देवीघाट जस्तो देशकौं चलेको जलविद्युत् आयोजना त्यहीँ छ । सार्वजनिक निजी साझेदारीको सफल आयोजना चिलिमे जलविद्युत् आयोजना त्यही कोरिडारमा थियो । चार सय मेगावाटभन्दा बढी जलविद्युत् आयोजना ध्वस्त भएका छन् । ती आयोजनासँगै कुशल जनशक्तिलाई भोटेकोशी बाढीले कतिलाई विलुप्त पारेको छ, कतिपय अझै बेपत्ता छन् । अर्बौं अर्बको जलविद्युत् पूर्वाधार क्षणभरमै हिमसुनामीमा परेका छन् । घरभन्दा अग्ला र ठुला ढुङ्गाले आयोजना थिचिएका छन् । लेदो, बालुलासँगै बगरमा परिणत भएका छन् । दर्जनौं जलविद्युत् आयोजनाको भविष्य अन्योलमा परेको छ ।

हिमालको सेता सुन अर्थात् स्वच्छ हरित ऊर्जा भारत र बङ्गलादेशमा निर्यात हुन थालेको थियो । जलविद्युत् क्षेत्रमा सार्वजनिक तथा निजी लगानीको सबैभन्दा ठुलो क्षेत्र बन्ने दिशामा अग्रसर थियो । देशभरिका लाखौं लगानीकर्ता सेयरमार्फत जोडिएका छन् । देशमा कुल जडित जलविद्युत् क्षमता चार हजार मेगावाटभन्दा माथि पुगेको थियो । उत्पादित विद्युत् ऊर्जामा निजी क्षेत्रको लगानी ८० प्रतिशत हाराहारी थियो । जलविद्युत् क्षेत्रले बाह्य लगानी आकर्षित गर्न थालेको थियो । ऊर्जा मार्गचित्रले एक दशकमा २८ हजार पाँच सय मेगावाट जलविद्युत् उत्पादन गरी देशभित्र र बाहिरको बजार सुनिश्चित हुँदै थियो । भारतले १० हजार मेगावाट बजार प्रत्याभूति दिएको थियो । बङ्गलादेश पाँच हजार मेवागाट विद्युत् किन्न सहमत हुँदै थियो । भारत हुँदै बङ्गलादेश निर्यात हुन थालेको जलविद्युत्ले बङ्गलादेशी लगानी जलविद्युत्मा आकर्षित हुने बाटो खुलेको थियो ।

जलविद्युत् नदी किनारमै बनाउनु पर्छ । हिमाली क्षेत्रबाट आएका नदी नै वर्षभरि जलविद्युत् उत्पादनका दिगो स्रोत हुन् तर त्रिशूली नदी कोरिडोरका जलविद्युत् पूर्वाधारको विनाशले अन्य लगानी र सुरक्षामा गम्भीर प्रश्न उठेको छ ।

बाँकी तेश्रो पेजमा




किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# जलविद्युत आयोजनाको टनेलभित्र फसेकाको संख्या १ सय २१, कुनमा कति

काठमाडौँ, २२ भदौ/नेपाली सेनाले रसुवा बाढीका कारण भोटेकोसी तथा त्रिशूली नदी क्षेत्रमा रहेका जलविद्युत आयोजनाका सुरुङमा १ सय २१ जना मात्रै फसेको बताएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सोमबार आयोजित कार्यक्रममा नेपाली सेनाका सहायक रथी सुवासजंग थापाले उक्त जानकारी दिनुभएको हो।

उहाँका अनुसार रसुवागढीमा ५, लाङटाङमा ७, चिलिमेमा ७, अपर त्रिशूली(१ मा करिब ५०, त्रिशुली ३ ए मा करिव ४२ गरी १२१ जनाको हाराहारीमा टनेलभित्र रहेका छन्।

त्रिशूली ३ बी मा हराएका सबै व्यक्ति टनेलभित्र प्रवेश गरेका व्यक्ति नभएको उहाँले बताउनुभयो। विभिन्न परियोजनासँग आवद्ध सबै व्यक्ति टनेलभित्र फसेको भनेर बुझ्न नहुने उल्लेख गर्नुभयो।

परियोजनामा काम गर्नेहरू ९ सय भन्दा बढी सम्पर्कविहीन भएको भएपनि ती सबै टनेलभित्र भने नरहेको उहाँको भनाइ छ।

सहायक रथी थापाले भन्नुभयो, 'परियोजनाहरूबाट टनेल लगायत कार्य र सम्पूर्ण हेर्दाखेरि ९ सयको हाराहारीमा सम्पर्कविहीन देखाएपनि त्यो टनेलभित्र फसेका व्यक्ति होइनन्, परियोजनासँग आवद्ध व्यक्तिहरू हुन्। अब सरसर्ती हिसाव गर्ने हो भने रसुवागढी ५, लाङटाङ ७, चिलिमे ७, अपर त्रिशूली १ ५०, त्रिशूली ३ ए ४०, त्रिशूली ३ बी मा गरी हाराहारी १२१ जना मात्रै टनेलभित्र पसेको तथ्य देखिन्छ। त्रिशूली ३ बीमा सम्पर्कविहीन भएका सबै टनेलभित्र रहेको होइनन्।'

उहाँले टनेलको पूर्ण ब्रेकथ्रु नभएसम्म टनेलभित्र फसेका व्यक्तिको खोजी कार्य जारी रहने बताउनुभयो।

उहाँले भन्नुभयो, 'जबसम्म सम्पूर्ण टनेल ब्रेकथ्रु हुँदैन, त्यतिन्जेलसम्म यो जारी नै रहन्छ। अर्को सरकारले नै अब नगर्ने भन्ने निर्णय गर्छ अथवा प्राधिकरणले नै त्यस सम्बन्धी ल पुग्यो भनेर नभनिन्जेलसम्म हाम्रो खोजी जारी नै रहन्छ र हाम्रो आशा अहिलेसम्म पनि मरेको छैन।'

उहाँले सेनाले अहिले सूचनामा आधारित उद्धारलाई प्राथमिकतामा राखेको जानकारी दिनुभयो। कुनै स्थानमा व्यक्ति फसेको वा सम्भावित अवस्थाबारे सूचना प्राप्त हुनेबित्तिकै टोली परिचालन गरी खोजी गर्ने रणनीति अपनाइएको उहाँको भनाई छ।

खोजी तथा उद्धारसँगै सेनाले पुनर्निर्माण र पुनःस्थापनाका कामसमेत अघि बढाएको जनाएको छ। त्यसअन्तर्गत तुइन तथा झोलुङ्गे पुल निर्माण, रेकी तथा अवरुद्ध सडक खोल्ने काम सुरु गरिएको सेनाको भनाइ छ।

## प्रधानमन्त्री शाह असोज ६ मा न्युयोर्क जाने, ८ मा महासभालाई सम्बोधन गर्ने

काठमाडौँ, २२ भदौ/प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) असोज ६ गते अमेरिका जाने हुनुभएको छ।

संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन उहाँ न्युयोर्क जान लाग्नुभएको हो। शाहको असोज ९ गते स्वदेश फर्किने कार्यक्रम छ।

महासभालाई प्रधानमन्त्री शाहले असोज ८ गते सम्बोधन गर्ने तय भएको छ।

रसुवा भोटेकोसी बाढीले ठूलो जनधनको क्षति गरेपछि प्रधानमन्त्रीलाई महासभामा गएर आवाज उठाउन दबाब बढेको थियो।

त्यहाँ उहाँले जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परेका समस्याका विषयमा राष्ट्रसंघको ध्यानाकर्षण गराउनुहुनेछ।

यसअघि परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल महासभामा सहभागी हुने तय भएको थियो।

तर, बाढीका कारण प्रधानमन्त्रीनै महासभामा गएर जलवायु न्यायका विषयमा संसारको ध्यानाकर्षण गराउनुपर्ने आवाज उठेपछि शाह न्यूयोर्क जानुहुने भएको हो।

## राष्ट्रपतिद्वारा राष्ट्रका नाममा सम्बोधन : राष्ट्रिय एकता र जलवायु न्यायका लागि आह्वान

काठमाण्डौ २२ भदौ/राष्ट्रपति रामचन्द्र पौडेलले भोटेकोशी बाढीबाट सिर्जित कठिन घडीमा सम्पूर्ण देशवासीलाई संयम रहँदै एकताबद्ध हुन आह्वान गर्नुभएको छ।

भदौ १० गते भोटेकोशी बाढीले पुऱ्याएको अपूरणीय क्षतिप्रति दुःख व्यक्त गर्दै उहाँले आज राष्ट्रका नाममा विशेष सम्बोधन गर्नुभएको हो। सम्बोधनमा राष्ट्रपति पौडेलले यस प्राकृतिक प्रकोपलाई 'कहालीलाग्दो र अकल्पनीय' संज्ञा दिनुभएको छ। बाढी र पहिरोका कारण जनधनको ठूलो क्षति हुनुका साथै सडक, पुल र जलविद्युत् आयोजनाजस्ता राष्ट्रका महत्त्वपूर्ण पूर्वाधारहरू ध्वस्त भएकोमा उहाँले गम्भीर चिन्ता प्रकट गर्नुभयो।

राष्ट्रपति पौडेलले विपत्तिमा परेर ज्यान गुमाउने नेपाली तथा विदेशी नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ। उहाँले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ताहरूको खोजी तथा उद्धार कार्यलाई तीव्रता दिन सरकारलाई निर्देशन दिनुभएको छ।

नेपालले आफ्नो भूमिमा रहेका हरेक विदेशी नागरिकलाई परिवारको सदस्य सरह मान्ने उल्लेख गर्दै उहाँले प्रभावित देशका सरकार तथा कूटनीतिक नियोगहरूसँग प्रभावकारी समन्वय भइरहेको जानकारी दिनुभयो।

जोखिमपूर्ण अवस्थामा ज्यानको प्रवाह नगरिकन उद्धारमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी, स्थानीय प्रतिनिधि र स्वयंसेवकहरूको उच्च प्रशंसा गर्दै राष्ट्रपतिले उनीहरूको कार्यलाई नेपाली राष्ट्रिय चरित्रको उत्कृष्ट नमूनाका रूपमा चित्रण गर्नुभयो।

# खसी भनेर बाखाको मासु बेचेको आरोपमा ३ जना पक्राउ

काठमाण्डौं,२२ भदौ/खसीको मासु भन्दै बाख्रीको मासु बेचेको आरोपमा प्रहरीले काठमाण्डौंबाट तीन जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा भारतको सितामणी घर भइ हाल काठमाडौं रातोपुलका २५ वर्षीय महमद इम्रान मन्सुरी, नुवाकोट घर भइ सिफल बस्ने १८ वर्षीय अरुण कार्की र मकवानपुरको हेटौडाका २१ वर्षीय सुजन रसाइली छन्।

रातोपुल नजिक सफिक मासु पसल खालेर खसीको मासु भन्दै प्रतिकिलो १८ सय रुपैयाँका दरले बाख्रीको मासु बेचेको प्रहरीले बताएको छ। बाख्रीको मासु र अर्को काट्न ठिक्क पारेको बाख्री समेत नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ। पक्राउ परेका तीनै जनालाई प्रहरी वृत्त गौशालामा राखेर अनुसन्धान अघि बढाइएको छ।

# त्रिशूली-३ 'बी' मा फसेकाको उद्धार गर्न माग गर्दै माइतीघरमा प्रदर्शन

काठमाण्डौ,२२ भदौ/माथिल्लो त्रिशूली(३ 'बी' जलविद्युत् आयोजनामा फसेकाहरूको उद्धार र खोजी कार्यमा प्राथमिकतामा दिन माग गर्दै पीडित परिवारले काठमाण्डौको माइतीघरमा प्रदर्शन गरेका छन्।

आयोजनामा फसेका व्यक्तिका आफन्तहरूले उद्धार तथा खोजी कार्यमा सरकारले चासो नदेखाएको आरोप लगाएका छन्। सरकार आफूले पनि खोजी कार्यमा चासो नदिएको र आफन्तहरूलाई पनि खोजी गर्न जान नदिएको उनीहरूको गुनासो छ।

भोटेकोशीमा आएको बाढीपछि त्रिशूली(३ 'बी' जलविद्युत् आयोजनामा कार्यरत १७८ जना कर्मचारी तथा श्रमिक सम्पर्कविहीन छन्।

बाढीले आयोजनालाई पूर्णरूपमा क्षति गरेको छ। सरकारले उद्धार तथा खोजी कार्यका लागि आयोजनाको भौतिक संरचना नै पत्ता लगाउन सकेको छैन। आयोजनामा उद्धार कार्य कठिनाइ देखिएको सरकारको भनाइ छ। तर पीडितहरू भने उद्धारमा कठिनाइ छ भन्दैमा सरकार पन्छिन नमिल्ने बताउँछन्।

बाढी प्रभावित सुमना श्रेष्ठ अमात्यले त्रिशूली(३ 'बी' मा कार्यरत कर्मचारी तथा कामदारको खोजीमा सरकारले तदारुकता नदेखाएको बताउनुभयो। उहाँका श्रीमान् वरिष्ठ भूगर्भविद् सुमेश अमात्य अहिले सम्पर्कविहीन हुनुहुन्छ। गृह मन्त्रालयमा गएर पटकपटक ध्यानकर्षण गराउँदा पनि सरकारले चासो नदिएको उहाँको भनाइ छ।

सरकारले हराएकाहरू जीवित भए जीवित र नभएमा शव भए पनि आफन्तलाई उपलब्ध गराउनुपर्ने पीडित परिवारले बताएका छन्।

## अर्थतन्त्रका मूलाधारम...

हिमबाढीको बज्रपातपछि तहसनहस भएका जलविद्युत् आयोजनाको बिमा दाबी परिरहेका छन्। बिमा कम्पनी अब झनै ठुलो सकसमा पर्ने छन्। निजी लगानीको सबै जसो आयोजनामा बिमा भएकाले केही क्षतिपूर्ति आउने आकलन छ तर कतिपय सरकारी लगानीकै आयोजनाको बिमा गरिएको छैन। सरकारी सम्पत्तिको बिमा नगर्ने प्रवृत्तिले महाविपत्तिमा पुर्पुरोमा हात राख्ने अवस्थामा पुऱ्याएको छ। नेपाली अर्थतन्त्रमा मुख्य आधार कृषि, पर्यटन र जलस्रोतमाथिको यो हिमसुनामी प्रहार अकल्पनीय नै छ। यो महाविपत्तिपछि नेपाली अर्थतन्त्रका यी तीन प्रमुख आधार अर्थात् कृषि, पर्यटन र जलस्रोत क्षेत्रमा नवीन योजना, नीति र कार्यक्रमको गम्भीर गृहकार्य माग गर्छ। त्यस्तो गृहकार्य हरित अर्थतन्त्रको दूरदृष्टिसहित वैज्ञानिक आधार र आयाममा बन्नु वाञ्छनीय छ।

## ग्रिन आर्मीलाई...

प्याब्सनका सल्लाहकार हरिकृष्ण श्रेष्ठ, वातावरणविद् अन्जु शाह सिंह र विद्यालय सञ्चालक महेन्द्र भट्टराई लगायत छन्।

'उहाँहरूसँग आवश्यक पर्दा सल्लाह लिने हो। त्यसबाहेक एउटा माइन्युट पनि उहाँहरूसँग हाम्रो छैन। यो संस्था स्थापना गरेको मैले नै हो', शर्माले भन्नुभयो।

संस्थाका प्रमुख शर्मा होटल सञ्चालक पनि हुनुहुन्छ। सिन्धुपाल्चोक पुख्यौंली घर भएका शर्मा हाल गोकर्णेश्वर नगरपालिका( ३ मा बस्दैआउनुभएको छ। यो संस्थाले कहिँबाट पनि सहयोग नलिएको बताउँदै शर्माले यसमा आवद्ध हुनेले स्वयं सेवा गर्नु पर्ने बताउनुभयो।






# जीतपुरसिमराका तीनजना अपाङ्गता भएका व्यक्तिलाई ह्विलचेयर र इलेक्ट्रिक ट्राइसाइकल वितरण



सिमरा, २२ भदौ/प्रभु शमशेर जबरा तथा राजी राणा परोपकार निजी गुठीको सहयोगमा जीतपुरसिमरा उपमहानगरपालिकाका तीन जना अपाङ्गता भएका व्यक्तिहरूलाई घरमै पुगेर आइतबार इलेक्ट्रिक ट्राइसाइकल तथा ह्विलचेयर वितरण गरिएको छ।

जीतपुरसिमरा उपमहानगरपालिका( १ का ६९ वर्षीय दिलबहादुर बस्नेतलाई इलेक्ट्रिक ट्राइसाइकल प्रदान गरिएको हो। जन्मजात देब्रे खुट्टा नभएका बस्नेतलाई उमेर ढल्किँदै जाँदा हातले चलाउने साधारण ह्विलचेयर गुडाउन निकै सास्ती भइरहेको थियो।

श्रीमती ठगकुमारीको सहारामा आवतजावत गर्दै आउनुभएका उहाँले इलेक्ट्रिक ट्राइसाइकल पाएपछि अनुहारमा मुस्कान छाएको छ। अब यही ट्राइसाइकलको मद्दतले सानो(तिनो व्यवसाय सुरु गरेर आफ्नै खुट्टामा उभिने र गुजारा चलाउने अठोट उहाँले व्यक्त गर्नुभएको छ।

यसैगरी आठ वर्षको उमेरमा बिरामी परेपछि शरीरका हातखुट्टा नचल्ने भई पूर्णरूपमा अशक्त बनेकी जीतपुरसिमरा( १ पथलैयाकी ३६ वर्षीया शान्तिकुमारी प्रसाईंलाई पनि ह्विलचेयर प्रदान गरिएको छ। पहिलो पटक ह्विलचेयर पाएपछि शान्तिकुमारी खुसी देखिनुभएको छ भने उहाँका दाइ रामहरि प्रसाईंले अब बहिनीलाई आवतजावत गराउन निकै सहज हुने प्रतिक्रिया दिनुभएको छ।

यता जीतपुरसिमरा( १९ का २० वर्षीय जन्मजात पूर्ण अपाङ्गता भएका जमिर अन्सारीले पनि पहिलो पटक ह्विलचेयर प्राप्त गर्नुभएको छ। फतेह आलम अन्सारीका कान्छा छोरा जमिरलाई ह्विलचेयरमा बसाउन पाउँदा परिवारका साथै गाउँलेहरूसमेत खुसी हुनुभएको छ।

स्थानीय शिव पौडेल, रमेश थापा, राजदास श्रेष्ठ तथा नेपाल अपाङ्ग सेवा संघ बाराका पूर्वअध्यक्ष गंगाप्रसाद वाग्लेले प्रत्यक्ष रूपमा घरमै पुगेर ती सामग्री हस्तान्तरण गरेका थिए। अध्यक्ष वाग्लेले प्रभु शमशेर जबरा तथा राजी राणा परोपकार निजी गुठीले अत्यन्तै मानवीय कार्य गरेको भन्दै गुठीको सराहना गर्नुभयो।

समाजसेवामा सक्रिय गुठीकी संस्थापक राजी राणाले यसअघि आफ्नो ८८औं जन्मोत्सवको अवसरमा पनि जीतपुरसिमरा र कलैयाका ६ जनालाई ट्राइसाइकल र दुई जनालाई ह्विलचेयर वितरण गर्नुभएको थियो। उहाँले हालै रसुवाका बाढी प्रभावितहरूका लागि १ करोड ९ लाख रुपैयाँ नगद र २५ लाख रुपैयाँ बराबरको खाद्यान्न सहयोग समेत गर्नुभएको थियो।

# मकवानपुरमा एक युवक मृत भेटिए, पत्नी र आमासहित पाँच जना नियन्त्रणमा



हेटौंडा २२ भदौ/मकवानपुरको बकैया गाउँपालिका( १२ धारापानीमा एक युवक आफ्नै घरभित्र मृत अवस्थामा फेला परेका छन्।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार स्थानीय मानबहादुर खत्रीका ३५ वर्षीय छोरा राजकुमार खत्री १९ भदौ दिउँसो सवा १ बजे घरको सुत्ने कोठाभित्र मृत अवस्थामा फेला परेका हुन्।

खत्रीको टाउको र शरिरका अन्य भागमा चोटपटक देखिएको प्रहरी नायव उपरीक्षक (डीएसपी) माधव काफ्लेले जानकारी दिनुभयो।

घटना शंकास्पद देखिएपछि परिवारका सदस्य र छिमेकीसहितलाई पक्राउ गरेर अनुसन्धान भइरहेको डीएसपी काफ्लेले बताउनुभयो। घटनाको जानकारी पाएपछि थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीको नेतृत्वमा र बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाबाट कुकुरसहितको टोली घटनास्थल पुगेको प्रहरीले जनाएको छ।

# धनुषामा लागूऔषध खैरो हेरोइनसहित दुई जना पक्राउ



जनकपुरधाम, २२ भदौ/धनुषा प्रहरीले सोमबार बिहान लागूऔषध खैरो हेरोइनसहित दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सबैला नगरपालिका १० खरियानी टोलका ३४ वर्षीय राकेश चमार र भारतको मधुवनी जिल्ला कमलाबारीपुरी १३ का २७ वर्षीय सञ्जितकुमार राम रहेका छन्।

लागुऔषध नियन्त्रण ब्युरो र इलाका प्रहरी कार्यालय महेन्द्रनगर, धनुषाबाट खटिएको संयुक्त प्रहरी टोलीले धनुषाको मिथिला नगरपालिका २ नक्टाझिजस्थित जनकपुर(ढल्केवर सडकखण्डमा जनकपुरबाट ढल्केबरतर्फ जाँदै गरेको ज९प ५६९७ नम्बरको मोटरसाइकल रोकेर जाँच गरेको थियो।

जाँच गर्दा मोटरसाइकल पछाडि सवार रामको साथमा रहेको कालो प्लास्टिकको झोलाबाट लागूऔषध खैरो हेरोइन बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिनुभयो।

बरामद पदार्थको तौल गर्दा एक सय ९७ ग्राम ४४० मिलिग्राम रहेको छ। पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# चेपाङ समुदायको छोनाम पर्वमा मकवानपुर, धादिङ र चितवनमा सार्वजनिक बिदा



हेटौडा, २२ भदौ/चेपाङ समुदायले आज न्वाँगी अर्थात छोनाम पर्व मनाउँदैछन्।

चेपाङ समुदायको बसोबास रहेका जिल्ला मकवानपुर, धादिङ र चितवनमा बागमती प्रदेशले आज सार्वजनिक बिदा दिएको छ।

चेपाङ समुदायले हरेक वर्षको भदौ २२ गते छोनाम पर्व मनाउने गर्छन्। नेपाल चेपाङ संघको माग अनुसार प्रदेश सरकारले चेपाङ बाहुल्य जिल्ला मकवानपुर, चितवन र धादिङमा हरेक वर्षको भदौ २२ गते सार्वजनिक बिदा दिँदै आएको छ।

भोटेकोशी बाढीबाट नुवाकोट, रसुवा र धादिङ जिल्लामा जनधनको ठूलो क्षति भएकाले चेपाङ समुदायले सामूहिक रुपमा मनाइँदै आएको न्वाँगी पर्व यसपालि घर(घरमा मात्र मनाउने भएका छन्।

# ग्रिन आर्मीलाई ३५ दिनभित्र नाम परिवर्तन गर्न पत्राचार

काठमाण्डौं,२२ भदौ/भोटेकोसी बाढीपछि चर्चा र विवादमा आएको 'ग्रिन आर्मी'लाई नाम परिवर्तन गर्न पत्राचार गरिएको छ।

कम्पनी रजिस्ट्रारको कार्यालयले ३५ दिनभित्र नाम परिवर्तन गर्न सोमबार पत्र पठाएको ग्रिन आर्मीका प्रमुख सविन शर्माले बताउनुभएको हो। 'हुन त हामीले पहिल्यै छलफल पनि गरिसकेका थियौं। तर आज कम्पनी रजिस्ट्रारको कार्यालयले ३५ दिनको म्याद दिएको छ,' शर्माले भन्नुभयो, 'जनताले प्रश्न उठाएपछि आर्मी शब्द फेरबदल गर्नेबारे बोर्डमा छलफल भइसकेको छ। तर कुन नाम राख्ने भन्ने निश्कर्षमा पुगिसकेका छैनौं।'

यसअघि यो संस्थाबारे गृह मन्त्रालयले छानबिन गरेको थियो। गृह मन्त्रालयले सोमबार नै नाम परिवर्तनका लागि कम्पनी रजिस्ट्रार कार्यालयलाई पत्राचार गरेको थियो। गृहको निर्णय अनुसार भन्दै रजिस्ट्रारले ग्रिन आर्मीलाई पत्र पठाएको छ।

'आर्मी शब्द प्रयोग गरी कम्पनी दर्ता भई सञ्चालनमा रहेको विषयमा नेपाल सरकार गृह मन्त्रालयको ध्यानाकर्षण भएको हुँदा नेपालको संविधान र प्रचलित कानुनविपरित ग्रिन आर्मी नेपाल नामक कम्पनी दर्ता भएको देखिँदा त्यसरी भएको कम्पनीको स्थापनालाई तत्काल प्रचलित कानुन अनुसार सबै प्रक्रिया पूरा गरी यथाशिघ्र सुधार गरी सोको जानकारी उपलब्ध गराइदिनु हुन भन्ने बेहोराको पत्र प्राप्त भएकोले नाम नियमावली र प्रवन्ध पत्रको उद्देश्य समेत कम्पनी ऐन २०६३ बमोजिम यो पत्र प्राप्त भएको मितिले ३५ दिनभित्र संशोधन गर्नुहुन अनुरोध गर्दछु', रजिस्ट्रार कृष्णकुमारी श्रेष्ठले पठाएको पत्रमा भनिएको छ।

पत्रको बोधार्थ गृह मन्त्रालयलाई पनि दिइएको छ।

यो संस्था २०७२ सालको भूकम्पपछि समाज कल्याण परिषद्मा दर्ता भएको थियो। २०७८ साउनमा जिल्ला प्रशासन कार्यालय, काठमाडौँले रक्षा मन्त्रालयमार्फत सेनालाई एउटा पत्र पठाएको थियो। जुन पत्रमा ग्रिन आर्मीले प्रयोग गर्ने पोषाकको सम्बन्धमा राय माग गरिएको थियो।

नेपाली सेनाले २०७८ साउन ७ गते पोषाक नेपाली सेनासँग मिल्ने नदेखिएको उल्लेख गर्दै पत्रको जवाफ दिएको थियो। तर त्यसको एक हप्तापछि सेनाले विभिन्न किसिमका संस्थाहरूले नेपाली सेनासँग मिल्दोजुल्दो पोषाकहरू प्रयोग गरिरहेको भन्दै ध्यानाकर्षण भएको पत्र पठाएको थियो।

यस्तै पछिल्लो समय पनि तीन महिना पहिले नगरपालिकाको पोषाक आएको विषयमा पुनः सूचना निकाल्दै उनीहरूले प्रयोग गर्ने दर्ज्यानी चिह्न र पोषाकको विषयमा अनुगमन र निगरानी गर्नु पर्ने बताएको थियो।

पछिल्लो पटक रसुवा बाढीमा ग्रिन आर्मीले लगाएको पोषाक र नामको विषयमा प्रश्न उठेको थियो। सेनासँग मिल्दो पोषाक र नाममा समेत आर्मी जोडिएपछि परिवर्तन गर्न लगाइएको हो।

यो संस्थाका सल्लाहकारमा भने नेपाल प्रहरीका पूर्व आईजीपी सर्वेन्द्र खनाल, सशस्त्र प्रहरीका पूर्वडीआईजी दुर्गानाथ भट्टराई, बागमती प्रदेश

बाँकी तेश्रो पेजमा

द.नं.२२३/०६६/०६७ फोन नं. ०५३-५२१८००
डि स का पर्सा

संयुक्त बचत तथा ऋण सहकारी सस्था लि
जीतपुरसिमरा उपमहानगरपालिका २
सिमरा बारा

साधारण सभा सम्बन्धि सुचना

आदरणीय शेयर सदस्य ज्यु

बिषय : १७ औ बार्षिक साधारणसभा सम्वन्धमा

संचालक समितिको मिति २०८३ /०५ /१९ मा बसेको बैठकको निर्णयअनुसार तपसिलमा उल्लेखित मिती, समय र स्थानमा १७ औं वार्षिक साधारण सभा सम्पन्न गरिने भएकोले सम्पूर्ण शेयर सदस्यहरुको उपस्थितिको लागि यसै सुचना मार्फत अनुरोध गरिन्छ।

**तपसिल**
साधारण सभा हुने मिति ,समय र स्थान
मिति :२०८३ असोज १० गते शनिवार
समय : विहान ८ बजे
स्थान : न्यू पाराडाईज सिमरा होटल प्र.लि.सिमरा-२
(सुर्य नेपालको अगाडीपट्टी)
sanyuktasaccos@gmail.com
सम्पर्क नं. ९८६४१२६६३४

**संचालक समितिको आज्ञाले**
**पुर्ण प्रसाद चिमरिया**
**(सचिव)**

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने,, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज ,पर्सा ०५१-५९१८७३